# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ लाई संशोधन गर्न बनेको बिधेयक

प्रस्तावना : औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ मा संशोधनः औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः—

"(२) प्रतिष्ठानको कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ ।"

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को देहाय खण्ड (ङ) झिकिएको छ।

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (ङ) र (च) को सट्टा देहायको खण्ड (क) ,(ख), (ग), (ङ) र (च) राखिएको छः—

| | |
|---|---|
| "(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | – अध्यक्ष |
| (ख) सह-सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | – सदस्य |
| (ग) सह-सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (ङ) अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघ | – सदस्य |
| (च) मन्त्रालयले मनोनीत गरेको व्यवस्थापन विज्ञ एकजना | – सदस्य " |

५. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को देहाय खण्ड (क), (ख) र (ङ) झिकिएका छन्।

६. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को उपदाफा (१) मा रहेका "न्यूनतम" भन्ने शब्दको सट्टा "मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेको "व्यक्तिलाई" भन्ने शब्दपछि "प्रतिस्पर्धाका आधारमा" भन्ने शब्दहरू थपिएका छन्।

७. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ मा रहेका "नेपाल सरकार, उद्योग मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।